# आर्थिक वर्ष २०७६/७७ का लागि
# नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट हुने प्राकृतिक स्रोतको रोयल्टीको वितरण सम्बन्धी सिफारिस

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

सिंहदरबार

काठमाडौं

जेठ, २०७६

## १. पृष्ठभूमि

१) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहबीच सार्वजनिक वित्तीय तथा प्राकृतिक स्रोतको बाँडफाँट गर्दा समष्टिगत् वित्तीय स्वास्थ्य (Macro-Fiscal Health) सुनिश्चित हुने गरी वित्तीय समता (Fiscal Equity) कायम गर्ने वृहत् जिम्मेवारी प्रदान गरेको छ। संविधानले यस आयोगलाई सरकारका तीन तहबीच बाँडफाँट हुने राजस्व, वित्तीय समानीकरण अनुदान, प्राकृतिक स्रोतको रोयल्टी र सःशर्त अनुदानको आधार तथा हिस्सा निर्धारण गर्ने, सरकारका तीन तहले लिन पाउने आन्तरिक ऋणको सीमा निर्धारण गर्ने, प्राकृतिक स्रोतमा गरिने लगानी र सोबाट प्राप्त प्रतिफलको हिस्सा निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू प्रदान गरेको छ।

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा विद्युत, खानी तथा खनिजजन्य, पर्वतारोहण, वन, पानी र अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत संघ, २५ प्रतिशत सम्बन्धित प्रदेश र बाँकी २५ प्रतिशत सम्बन्धित स्थानीय तहमा बाँडफाँट गर्नुपर्ने प्रावधान रहेको छ। यस प्रावधान अनुरूप आयोगले आगामी आर्थिक वर्ष २०७६/७७ का लागि विद्युत, खानी, पर्वतारोहण र वन क्षेत्रको रोयल्टीको प्रदेश र स्थानीय तहबीच बाँडफाँट गर्ने आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको छ।

## २. संवैधानिक तथा कानुनी व्यवस्था

१) **नेपालको संविधानको धारा २५१ को उपधारा १(ज)ः** प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरी सिफारिस गर्ने।

२) **नेपालको संविधानको धारा २५१ को उपधारा १(झ)ः** प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने।

३) **नेपालको संविधानको धारा २५१ को उपधारा २ः** प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

४) **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ः** नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट गर्ने।

५) **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ः** नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच संघीय कानुनबमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नुपर्ने र सो कोषको रकम नेपाल सरकारले वार्षिक रूपले वितरण गर्नुपर्ने।

६) **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-**४ः नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई वितरण गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँटको प्रतिशत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक ५ वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्नसक्ने।

| रोयल्टी शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

७) **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (३):** प्राकृतिक स्रोतबाट बाँडफाँट भई प्राप्त हुने रोयल्टी रकममध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम संघीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ।

८) **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ को उपदफा (२):** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा देहायका आधारमा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्ने-

- परिचालित प्राकृतिक स्रोतको अवस्थिति,
- प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र,
- परिचालित प्राकृतिक स्रोतउपरको निर्भरता,
- प्रतिफलबाट लाभान्वित जनसङ्ख्या,
- प्राकृतिक स्रोतमा आश्रित जनसङ्ख्या,
- प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता।

## ३. प्राकृतिक स्रोतको रोयल्टी वितरणमा आधार र हिस्साको निर्धाण गर्न अवलम्वन गरिएको मार्गदर्शन तथा सीमाहरू

१) प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ को प्रावधान अनुरूप समन्यायिक (Equity) को सिद्धान्तलाई अवलम्वन गरिएको छ। यसमा प्राकृतिक स्रोत जुन स्थानमा रहेको छ सो स्थानलाई विशेष लाभसहित यसबाट प्रभावित हुने क्षेत्र तथा आसपासका क्षेत्रलाई समेत समेटिएको छ। यस अनुसार सम्बन्धित प्रदेश र स्थानीय तह पहिचान गर्नका लागि प्राकृतिक स्रोत उपयोग भएको क्षेत्रलाई परियोजनाका मुख्य क्षेत्र (विशेषगरी संरचनाहरू भएको क्षेत्र), मुख्य क्षेत्रसँग जोडिएको क्षेत्र (विशेषगरी परियोजनाबाट प्रभावित क्षेत्र) र वरिपरिको क्षेत्र (सामान्य प्रभाव पर्ने क्षेत्र) गरी तीन भागमा विभाजन गरी सो अनुरूप स्रोतको बाँडफाँटको हिस्सा निर्धारण गरिएको छ।

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ अन्तर्गतको अनुसूची-४ मा स्थानीय तहमा सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समिति उल्लेख गरिएको भएता पनि जिल्ला समन्वय समितिले सञ्चित कोष सञ्चालन नगर्ने र नेपालको संविधानले यसलाई अनुगमनकारी र समन्वयकारी भूमिका मात्र प्रदान गरेकाले प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँटमा जिल्ला समन्वय समितिलाई समेटिएको छैन।

३) खानी तथा खनिज पदार्थको हकमा ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदीजन्य निर्माण पदार्थहरूको सम्बन्धमा कानुनी स्पष्टता नभएको र यसको व्यवस्थापन आय ठेक्काको रूपमा स्थानीय तहले गर्दै आएकाले हाललाई यसबाट प्राप्त आम्दानीलाई यस बाँडफाँटमा समावेश गरिएको छैन।

**४. प्राकृतिक स्रोतको रोयल्टी वितरणमा आधार र हिस्सा निर्धाणमा अवलम्वन गरिएको विधिहरू**

१) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको लागि आयोगबाट गरिएको अध्ययनका सुझावहरूलाई आधारको रूपमा लिइएको छ।

२) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटका लागि आयोगले तयार गरेको मस्यौदा आधारहरूका बारेमा सातै प्रदेशका मुख्य मन्त्री लगायत सबै मन्त्रीहरू र अन्य सरोकारवालासँग छलफल गरिएको थियो।

३) आयोगले तयार गरेको मस्यौदा आधारहरूमा सम्बन्धित विषयगत मन्त्रालयका सचिव र विषय विज्ञहरूसँग छलफल गरिएको थियो।

४) प्राकृतिक स्रोत अवस्थित रहेको प्रदेश र स्थानीय तहको तथ्याङ्क तथा अन्य विवरण अद्यावधिक गरिएको छ।

५) विषयगत मन्त्रालयबाट तयार गरिएको तथ्याङ्कलाई आधार मानी रोयल्टी बाँडफाँटको सिफारिस गरिएको छ। आयोगले प्रयोग गरेको तथ्याङ्कको स्रोत देहायअनुसार रहेको छः-

| तथ्याङ्क | स्रोत |
|---|---|
| वनको क्षेत्रफल र अवस्थिति | वन तथा वातावरण मन्त्रालय (वन क्षेत्रको स्रोत सर्वेक्षण, २०१५) |
| जनसंख्या र आश्रित जनसंख्या | केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना, २०६८ |
| वनको रोयल्टी | वन तथा भू-संरक्षण विभाग |
| स्थानीय तहको क्षेत्रफल | नापी विभाग र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| विद्युतको रोयल्टी | विद्युत विकास विभाग |
| खानीको रोयल्टी | खानी तथा भू-गर्भ विभाग |
| हिमाल र सोको आधार शिविर रहेको स्थान | पर्यटन विभाग |
| पर्वतारोहणको रोयल्टी | पर्यटन विभाग |
| विद्युत गृह रहेको स्थान र प्रभावित क्षेत्र | विद्युत विकास विभाग |

**५. प्राकृतिक स्रोतको रोयल्टी वितरणका आधार र हिस्साको निर्धारणका आधारहरू**

१) **पर्वतारोहण**

पर्वतारोहणको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार यसप्रकार रहेको छः-

१. भौगोलिक अवस्थिति — ४० प्रतिशत, जसमध्ये
  - क. हिमाल रहेको स्थानीय तह — ६० प्रतिशत
  - ख. हिमाल रहेको स्थानीय तहसँग जोडिएको र आसपासको क्षेत्र — ४० प्रतिशत

२. आधार शिविर रहेको स्थानीय तह — १० प्रतिशत

३. प्रभावित क्षेत्रको क्षेत्रफल — २५ प्रतिशत, जसमध्ये

क. हिमाल रहेको स्थानीय तह ६० प्रतिशत

ख. हिमाल रहेको स्थानीय तहसँग जोडिएको र आसपासको क्षेत्र ४० प्रतिशत

४. प्रभावित क्षेत्रको जनसख्या २५ प्रतिशत, जसमध्ये

क. हिमाल रहेको स्थानीय तह ६० प्रतिशत

ख. हिमाल रहेको स्थानीय तहसँग जोडिएको र आसपासको क्षेत्र ४० प्रतिशत

**२) विद्युत**

विद्युतको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार यसप्रकार रहेको छः-

१. भौगोलिक अवस्थिति ५० प्रतिशत, जसमध्ये

क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको स्थानीय तह) ५० प्रतिशत

ख. प्रभावित क्षेत्र (परियोजनाबाट प्रभावित स्थानीय तह) ३० प्रतिशत

ग. वरिपरिको क्षेत्र (परियोजनास्थल वरपरको तल्लो र उपल्लो तटीय स्थानीय तह) २० प्रतिशत

२. प्रभावित स्थानीय तहको क्षेत्रफल २५ प्रतिशत, जसमध्ये

क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको स्थानीय तह) ५० प्रतिशत

ख. प्रभावित क्षेत्र (परियोजनाबाट प्रभावित स्थानीय तह) ३० प्रतिशत

ग. वरिपरिको क्षेत्र (परियोजनास्थल वरपरको तल्लो र उपल्लो तटीय स्थानीय तह) २० प्रतिशत

३. प्रभावित स्थानीय तहको जनसंख्या २५ प्रतिशत, जसमध्ये

क. मुख्य क्षेत्र (विद्युतका संरचनाहरू रहेको स्थानीय तह) ५० प्रतिशत

ख. प्रभावित क्षेत्र (परियोजनाबाट प्रभावित स्थानीय तह) ३० प्रतिशत

ग. वरिपरिको क्षेत्र (परियोजनास्थल वरपरको तल्लो र उपल्लो तटीय स्थानीय तह) २० प्रतिशत

**३) वनको रोयल्टी:**

**(क) राष्ट्रिय वनबाट प्राप्त हुने रोयल्टी:**

नेपालको संविधानको अनुसूची ६ मा भएको व्यवस्थाबमोजिम राष्ट्रिय वन प्रदेश सरकारको क्षेत्राधिकारभित्र परेको र वन रोयल्टी संकलन हालका डिभिजन वन कार्यालयहरूबाट हुँदै आइरहेको छ। वन ऐन, २०४९ अनुसार राष्ट्रिय वन भन्नाले समुदायद्वारा ब्यबस्थित सबै वनहरू तथा सरकारद्वारा व्यवस्थित वन यसमा पर्दछन्। राष्ट्रिय वनबाट संकलन भएको रोयल्टीको तथ्याङ्क स्थानीय तहहरू अनुसार नभई जिल्लागत तथ्याङ्क मात्र उपलब्ध भएको हुनाले हाललाई जिल्लालाई नै आधार मानी प्रत्येक जिल्लाबाट संकलन भएको रोयल्टीलाई सोही जिल्लाको स्थानीय तहहरूमा बाँडफाँट गर्न उपयुक्त देखिन्छ। यसैगरी कुनै कुनै जिल्लाबाट संकलित वन रोयल्टी रकम अत्यन्तै न्यून देखिएको हुँदा सो रोयल्टी बाँडफाँट गर्दा कारोबार लागत (Transaction Cost) धेरै हुन गई सो जिल्लाका स्थानीय तहहरूलाई नगण्य रकम मात्रै उपलब्ध हुने भएकाले सोको लागि देहायबमोजिम गर्नु उपयुक्त हुन्छः-

- वनबाट संकलन भएको रोयल्टीवापत कुनै स्थानीय तहले रु. ५ हजारभन्दा कम मात्र पाउने अवस्थामा सो स्थानीय तह रहेको जिल्लाका सम्पूर्ण स्थानीय तहहरूको रोयल्टी हाललाई बाँडफाँट नगरी स्थानीय विभाज्य कोषमा सुरक्षित राख्ने व्यवस्था राखी आगामी आर्थिक वर्षहरूमा बाँडफाँट गर्ने उचित हुने।

- एक जिल्लाका सबै स्थानीय तहले रु. ५ हजारभन्दा बढी रोयल्टी प्राप्त गर्ने भएमा हाल संकलित रोयल्टी उपलब्ध गराउने।

राष्ट्रिय वनको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार यसप्रकार रहेको छः-

| | |
|---|---|
| १. वनको अवस्थिति (वन रहेको स्थानीय तह) | २० प्रतिशत |
| २. वनको क्षेत्रफल (स्थानीय तहमा रहेको वनको क्षेत्रफल) | ४० प्रतिशत |
| ३. वन क्षेत्र रहेको स्थानीय तहको जनसंख्या | २० प्रतिशत |
| ४. वनमा आश्रित जनसंख्या (Leasehold Population) | १० प्रतिशत |
| ५. वनको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १० प्रतिशत |

**(क) संरक्षित क्षेत्रको रोयल्टी**

नेपालको संविधानबमोजिम संरक्षित क्षेत्रहरू संघको अधिकार क्षेत्रभित्र नै पर्ने साथै संरक्षित क्षेत्रहरूको क्षेत्रफल कुनै पनि स्थानीय तहहरूको क्षेत्रभित्र नपरी छुट्टै Entity को रूपमा रहेका हुनाले यी क्षेत्रहरूबाट संकलित रोयल्टी बाँडफाँट गर्दा मध्यवर्ती क्षेत्र घोषणा भएका संरक्षित क्षेत्रहरूको हकमा मध्यवर्ती क्षेत्रको क्षेत्रफल र जनसंख्या लाई आधार मानिने र मध्यवर्ती क्षेत्र घोषणा नभएका संरक्षित क्षेत्रहरू (ढोरपाटन शिकार आरक्ष, मनास्लु संरक्षण क्षेत्र, अपिनप्पा संरक्षण क्षेत्र र कृष्णासार संरक्षण क्षेत्र) को हकमा यी संरक्षण क्षेत्रहरूलाई छुने स्थानीय तहहरूलाई आधार मानी बाँडफाँट गरिएको छ।

संरक्षित क्षेत्रको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार यसप्रकार रहेको छः-

| | |
|---|---|
| • स्थानीय तहमा मध्यवर्ति क्षेत्रको अवस्थिति | १० प्रतिशत |
| • संरक्षित क्षेत्रको मध्यवर्ति क्षेत्रको क्षेत्रफल | ४० प्रतिशत |
| • संरक्षित क्षेत्रको मध्यवर्ति क्षेत्रको जनसंख्या | ३५ प्रतिशत |
| • संरक्षित क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता | १५ प्रतिशत |

४) **खानी तथा खनिज**

खानी तथा खनिजको रोयल्टी बाँडफाँटका लागि लिइएका आधारहरू र तिनका लागि दिइएको भार यसप्रकार रहेको छः-

१. भौगोलिक अवस्थिति ५० प्रतिशत, जसमध्ये

क. खानी उत्खनन् क्षेत्र भएको स्थानीय तह (Quarry Area) ६० प्रतिशत

ख. खानी उत्खननका लागि अनुमति दिइएको क्षेत्र (Lease Area Location) ४० प्रतिशत

२. अनुमति क्षेत्रभित्रको प्रभावित क्षेत्रको क्षेत्रफल (Affected Area inside Lease Area)३० प्रतिशत

३. अनुमति क्षेत्रभित्रको प्रभावित क्षेत्रको जनसंख्या (Affected Population inside Lease Area)- २०%

## ६. प्राकृतिक स्रोतको रोयल्टी वितरणमा आयोगका सिफारिसहरू

क. माथि प्रस्तुत गरिएका आधारहरूमा आर्थिक वर्ष २०७५/७६ मा उठ्नसक्ने रोयल्टीमध्ये प्रदेश र स्थानीय तहमा उपलब्ध हुने रकम अनुसूचीहरूमा उल्लेख गरिएको छ।

## ७. प्राकृतिक स्रोतको रोयल्टी सम्बन्धमा आयोगका सुझावहरूः

१) राष्ट्रिय प्राकृतिक स्रोतको वितरण, यसको उपयोग, लागानी र प्रतिफलको हिस्सा सम्बन्धमा विभिन्न ऐनहरूमा छरिएका व्यवस्था भएको र यसबाट स्रोत व्यवस्थापनमा द्विविधा उत्पन्न भएकाले नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोतको लाभको वितरण र लगानी सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत सम्बन्धी एकीकृत ऐन वा यस सम्बन्धी संहिता कानुन बनाउनुपर्ने।

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को अनुसूची -४ को द्रष्टव्य (१) मा सम्बन्धित स्थानीय तहमा जिल्ला समन्वय समिति समेत समावेस भएकाले यसले अन्योलता सिर्जना गर्नसक्ने र जिल्ला समन्वय समितिको भूमिका समन्वयकारी भएकाले उक्त द्रष्टव्यमा रहेको जिल्ला समन्वय समिति हटाउन उपयुक्त हुने।

३) पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजबाट संकलन भई बाँडफाँट भएको रोयल्टीको केही अंश सोही क्षेत्र (सम्बन्धित पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज) मा लगानी गर्नुपर्ने व्यवस्था गर्ने।

४) पर्वतारोहणको रोयल्टीको विवरण संकलन गर्दा विभिन्न स्रोतबाट फरक फरक विवरणहरू प्राप्त हुने गरेकाले पर्वतारोहणका लागि अनुमति दिइएका हिमालहरूबाट उठ्ने रोयल्टी नियमित रूपमा विभाज्य कोषमा जम्मा हुने व्यवस्था हुनुपर्ने।

५) पर्वतारोहणको रोयल्टी बाँडफाँटको भार तय गर्न लश्कर मार्गको विवरण महत्वपूर्ण देखिएकोले पर्वतारोहणको क्रममा आधार शिविरसम्म पुग्ने लश्कर मार्गको लम्बाइ, लश्कर मार्ग पार गर्न लाग्ने समय र लश्कर मार्गमा पर्ने स्थानीय तह (हरू) सहितको विवरण अद्यावधिक गर्नुपर्ने।

६) विद्युत आयोजनाबाट उठ्नु पर्ने रोयल्टी नियमित रूपमा राजस्व खातामा जम्मा नभएको कारणले उठ्नसक्ने विद्युतको रोयल्टी आर्थिक वर्ष अनुसार बजेट तयारी प्रयोजनको लागि विश्लेषण गर्न तथा प्रभावित क्षेत्रलाई बाँडफाँट गर्न कठिन हुन जान्छ। हाल सञ्चालनमा रहेको धेरैजसो विद्युत आयोजनाहरूको विद्युत खरिद गर्ने निकाय नेपाल विद्युत प्राधिकरण रहेको छ। विद्युत उत्पादन गर्ने संस्था/कम्पनीहरूले नियमित रूपमा रोयल्टी दाखिला/जम्मा गर्नुपर्ने र सो दाखिला/जम्मा नगरेमा नेपाल विद्युत प्राधिकरणबाट हुने विद्युत खरिद वापत भुक्तानी गरिने रकमबाट रोयल्टी रकम कट्टा गरी सोझै विभाज्य कोषमा जम्मा हुने व्यवस्था हुनुपर्ने।

७) वन क्षेत्रको रोयल्टीको तथ्याङ्क स्थानिय तहगत रूपमा नभएकोले हाल रोयल्टीको बाँडफाँट गर्दा जिल्लालाई आधार मानिएको हुँदा आगामी आर्थिक वर्षहरूमा स्थानीय तहगत तथा वनको प्रकार अनुसारको तथ्याङ्क उपलब्ध हुने व्यवस्था हुनुपर्ने।

८) प्रचलित वन कानुनमा रोयल्टीको परिभाषा नभएकोले वन रोयल्टी परिभाषित गरी ऐनमा समावेश हुनुपर्ने।